जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ४३ | २०७८ साल भदौं २० गते आइतबार (5 Sep. 2021 Sunday) | मूल्य रु. ५/-

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिड-१९ जस्तै लक्षण ... ३ पृष्ठमा : कांग्रेस वडा अधिवेशन : २१ ... ३ पृष्ठमाभारतमा ६७.७२ करोडले ...

# पानीको निकास बन्द हुँदा सडक भत्कियो

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौं ।**

सप्तरी जिल्लाको खडक नगरपालिका वडा नं. ९ मा वर्षाको पानीको निकास बन्द हुँदा सडक भत्किएको छ ।

सो नगरपालिकास्थित कल्याणपुर बजारदेखि दक्षिणतर्फ करिव २ सय ५० मिटरको दुरिमा पानीको निकास बन्द भएपछि सडक भत्केको हो ।

जमेको पानीका कारण सडक भत्किएपछ स्थानीयलाई आवतजावत गर्न कठिनाई भएको छ भने यातायातका साधनहरुको

*बाँकी अन्तिम पृष्ठमा*



*तस्बिर : राजविराज दैनिक*

# आजदेखी सप्तरीका विद्यालय संचालन

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौं ।**

कोरोना महामारीका कारण झण्डै पाँच महिनादेखी बन्द रहेका सप्तरीका सम्पूर्ण संस्थागत तथा नीजि विद्यालयहरु आजदेखी संचालनमा आउने भएका छन् ।

कोभिड १९ बिरुद्धको स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरि कक्षा ३ देखी १२ सम्म विद्यार्थी संख्याको आधारमा फरक-फरक सिफ्टमा संचालन हुने भएको हो ।

जिल्ला संकट व्यवस्थापन केन्द्र सप्तरीको बुधबार र राजविराज नगर शिक्षा समितिको शुक्रबार सम्पन्न बैठकले विद्यालय संचालन गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार विद्यालय संचालनमा आउन लागेको जनाइएको छ ।

यसअघि साउन १५ गतेदेखी नै जिल्लाको सुरुङ्गा नगरपालिकास्थित सम्पूर्ण विद्यालयमा पठनपाठन सूचारु भइसकेको छ ।



## सम्पादकीय

# सडक फराकिलो हुँदै, तर, हिड्न पनि गाह्रो

राजविराज नगरपालिका बजार भित्रका सडकहरु अहिले फारकिलो गर्ने काम भइरहेको छ । सडक फराकिलो भएपनि बटुवालाई हिड्न भने सास्ती नै परेको छ । सडक जति फराकिलो भए, त्यति नै हिड्न तथा यातायातका साधनलाई गुड्न अफ्ठ्यारो भएको छ । मानिसहरुको मनोमानी तथा अव्यवस्थित पार्किङ का कारण सडकहरु फराकिलो हुँदा पनि हिडडुल गर्न गाह्रै परेको छ ।

सडक निर्माण त हुँदैछ तर, सोही सडकमा जताभावी यातायातका साधन पार्किङ गर्नाले सडक झनै साघुँरो भएको छ । उचित पार्किङको व्यवस्था नहुनाले बजार क्षेत्रका सबै सडकहरुको हाल उस्तै छ । त्यस्तै मानिसहरु मनोमानी ढंगले सडकको बीच बाटै हिड्ने, यातायातका साधनलाई साइड नदिने प्रवृतीले पनि सडक फराकिलो भएपनि साघुँरै भएको छ । यस बाहेक व्यवसायीहरुले सडकमिचेर आफ्नो व्यवसायीक कारोबार गर्नुले पनि सडकको औचित्यलाई धरापमा पारेको छ ।

यता सडक व्यवस्थापनका लागि खटाइएका ट्राफिक प्रहरीहरु पनि मुकदर्शक बन्ने गरेका छन् । भने सम्बन्धित निकायलाई कुनै चासो छैन् । तसर्थ यसका सम्बन्धीत निकायले यस्तो विषयप्रति चासो देखाउनु आवश्यक छ भने व्यवस्थापनका लागि तदारुकताका साथ अघि बढ्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिड-१९ जस्तै लक्षण भएको 'स्क्रब टाइफस' रोग

काठमाडौं, १९ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण भएको 'स्क्रब टाइफस' रोग देखिन थालेको जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोभिड-१९ का लक्षणसँग मिल्दोजुल्दो रोग स्क्रब टाइफस देखिन थालेको जनाउनुभएको छ ।

उहाँले उक्त रोगसँग सचेत रहनसमेत अनुरोध गर्नुभएको छ । कोभिड-१९ जस्तै स्क्रब टाइफसमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाइ र पखाला सताउनु, सास फेर्न समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गर्दछ । स्क्रब टाइफस 'ओरिन्सिया सुसुगामासी' जीवाणुले सङ्क्रमित एक प्रकारको सानो किर्नाको टोकाइबाट मानिसमा सर्ने रोग हो । उहाँका अनुसार स्क्रब टाइफसले मस्तिष्क, कलेजो, फोक्सोलगायतमा सङ्क्रमण र कहिलेकाहीँ बहुअङ्ग विकार ( मल्टी अर्गन डिल्फसन)को अवस्था पनि सिर्जना हुनसक्ने छ ।

मन्त्रालयले कोभिड-१९ सँग मिल्दोजुल्दो भएकाले कोभिड-१९ परीक्षण गर्दा नेगेटिभ आए पनि स्क्रब टाइफसको परीक्षण गर्न अनुरोध गरेको छ । स्क्रब टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले समयमा नै रोगको पहिचान गरी औषधि सेवन गरे रोग निको हुने बताउनुभएको छ । मन्त्रालयले समयमा नै उपचार नगरे यसले गम्भीररुप लिन सक्ने जनाएको छ ।

**बच्ने उपाय**

किर्नाको टोकाइबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने जनाइएको छ ।

# आठ महिनामा ६६ हजार बढी विदेशी पर्यटक भित्रिए

काठमाडौं, १९ भदौ (रासस) ।

सन् २०२१ को आठ महिनामा ६६ हजारभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अगष्ट महिनासम्म ६६ हजार नौ सय ६६ विदेशी पर्यटक नेपाल आएका हुन् । अगष्ट महिनामा हवाई मार्ग भएर पाँच हजार ९१७ विदेशी पर्यटन नेपाल भित्रिएका छन् । उक्त महिना नेपालबाट पाँच हजार ८३ विदेशी बाहिरिएका छन् ।

अघिल्लो वर्ष सन् २०२० को सोही महिनामा जम्मा २६५ मात्र पर्यटक आएका थिए । कोभिड-१९ अघि सन् २०१९ को अगष्टमा ९४ हजार ७४९ पयटक नेपाल आएको तथ्याङ्क छ । कोभिड-१९ महामारीको नराम्ररी असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ । विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको सङ्ख्या निराशाजनक देखिन्छ ।

बोर्डका प्रवक्ता मणि लामिछानेले महामारीकैबीच पनि झिनो सङ्ख्यामा भए पनि विदेशी पर्यटक नेपाल आइरहेका बताउनुभयो । उहाँका अनुसार यो वर्षको जनवरी महिनामा आठ हजार ८७४, फेब्रुअरीमा नौ हजार १४६, मार्चमा १४ हजार ९७७, अप्रिलमा २२ हजार ४५०, मेमा एक हजार ४६८, जुनमा एक हजार १४३ र जुलाईमा दुई हजार ९९१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

# गृहमन्त्री खाँणद्वारा कोशी कटान क्षेत्रको निरीक्षण

उदयपुर, १९ भदौ (रासस) ।

गृहमन्त्री बालकृष्ण खाँणले शनिबार उदयपुरको बेलका नगरपालिका-८ स्थित कोशी कटान क्षेत्रको निरीक्षण गर्नुभएको छ ।

गृहमन्त्री खाँणसहितको टोलीले बेलका नगरपालिका-८ स्थित कोशी कटान क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको हो । सो अवसरमा उहाँले कोशी कटान नियन्त्रणबारे सरकारले अब चाँडै नै नयाँ योजना र कार्यक्रम ल्याउने बताउनुभयो ।

बेलका नगरपालिकका प्रमुख दुर्गाकुमार थापा र उदयपुरका प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाईंले कोशी कटानले बर्सेनि उदयपुरको बेलकावासी पीडित बन्नु परेको उल्लेख गर्दै यहाँका झन्डै पाँच किलोमिटर लम्बाइ क्षेत्रमा दुई हजारभन्दा बढी घरपरिवार कोशी कटानका कारण विस्थापित हुने अवस्थामा आइपुगेको जानकारी गृहमन्त्री खाँणलाई गराउनुभयो ।

कटानबाट बर्सेनि यो क्षेत्र सङ्कटमा पर्दै गएको बेला गृहमन्त्री खाँणको निरीक्षणले यस क्षेत्रका बासिन्दा समस्या समाधान हुने भनेर उत्साहित भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख सुवास बोहराले बताउनुभयो ।



# कांग्रेस वडा अधिवेशन : २१ जिल्लामा अझै अनिश्चित

काठमाडौँ, १९ भदौ (रासस)।

नेपाली कांग्रेसको भदौ १८ गतेदेखि सुरु भएको १४औँ महाधिवेशनअन्तर्गत वडा अधिवेशन शनिबार पनि जारी छ।

वडा अधिवेशनका क्रममा शनिबार झापा र मुस्ताङ गरी दुई जिल्लाको कार्यक्रम भएको समितिका संयोजक महादेवप्रसाद यादवले राससलाई जानकारी दिनुभयो। शुक्रबार ३५ जिल्लाको वडा अधिवेशन सम्पन्न भएको थियो। पार्टीले क्रियाशील सदस्यताको सूची दिएका जिल्लामध्ये ३७ जिल्लाको वडा अधिवेशन सम्पन्न भएको छ। कांग्रेसले भदौ १८ अघि ५६ जिल्लाका क्रियाशील सदस्यको सूची बुझाएको थियो।

शनिबार डढेल्धुराका क्रियाशील सदस्यको सूची समितिलाई प्राप्त हुने जानकारी आएको संयोजक यादवले बताउनुभयो। बेलुकीसम्म पनि सूची प्राप्त नभएको समितिले जनाएको छ। डढेल्धुरा प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको गृह जिल्ला हो। क्रियाशील सदस्य सार्वजनिक भएका बाँकी जिल्लाको वडा अधिवेशन छिटो गर्न समितिले पार्टीलाई निर्देशन दिएको छ।

क्रियाशील सदस्यको सूची सार्वजनिक हुन बाँकी रहेका २१ जिल्लामा तत्काल निर्वाचन अधिकृत खटाउन सक्ने गरी तयारी अवस्थामा रहेको समितिले जनाएको छ। क्रियाशील सदस्यको सूची सार्वजनिक भएको दुई घण्टाभित्र जिल्ला निर्वाचन अधिकृतको जिम्मेवारी दिएर खटाउन सकिने गरी तयारी भएको छ।

कांग्रेसले ७५३ वटै स्थानीय तहको अधिवेशन भदौ २७ गते गर्ने निर्वाचन तालिका सार्वजनिक गरेको छ। त्यसअघिसम्म ७७ वटै जिल्लाका सबै वडाको अधिवेशन सक्ने गरी काम गर्न निर्वाचन समितिले पार्टीको ध्यानाकर्षण गराउँदै आएको छ।

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन्। वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुई गरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ। यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुने छन्।

मुलुकभरका सबै छ हजार ७४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र सदस्य एक लाख २१ हजार ६८१ निर्वाचित हुने समितिका संयोजक यादवले जानकारी दिनुभयो। यसबाहेक मनोनित हुनेको सङ्ख्या थप रहेको छ। त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुने छन्।

महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन शनिबार भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ।

यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १०, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि पार्टीको तल्लो तहसम्म निर्वाचनमार्फत आन्तरिक प्रजातन्त्रको अभ्यास गर्ने कांग्रेस पहिलो पार्टी बनेको छ। यसअघि कांग्रेसको १३औँ महाधिवशेन २०७२ साल फागुनमा काठमाडौँमा सम्पन्न भएको थियो। वडा अधिवेशन गर्न तोकिएको भदौ १८ को मिति नाघिसक्दासमेत २० जिल्लाका क्रियाशील सदस्यको सूची अझै सार्वजनिक नभएकामा सम्बन्धित जिल्लाका कार्यकर्ता निराश बन्न थालेका छन्।

चाँडो थपसूची सार्वजनिक गर्न सम्बन्धित जिल्लाका कार्यकर्ताले पार्टी नेतृत्वलाई दबाब दिँदै आएका छन्। प्रदेश नं १ मा मोरङको सदस्यता सूची अझै सार्वजनिक भएको छैन। प्रदेश नं २ का सप्तरी, सिराहा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्सा गरी आठवटै जिल्लाका क्रियाशील सदस्यताको सूची केन्द्रीय निर्वाचन समितिमा प्राप्त नभएको सचिव जगन्नाथ श्रेष्ठले सुनाउनुभयो।

यसैगरी बागमती प्रदेशका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ र रसुवा गरी चार जिल्लाका क्रियाशील सदस्यको सूची अझै सार्वजनिक हुन सकेको छैन। गण्डकी प्रदेशका सबै जिल्लाको सदस्यता सूची सार्वजनिक भइसकेको छ। लुम्बिनी प्रदेशका कपिलवस्तु, बाँके र बर्दियाको सूची सार्वजनिक हुन सकेको छैन। कर्णाली प्रदेशका डोल्पा र सुर्खेत, सुदूरपश्चिम प्रदेशका बाजुरा, डढेल्धुरा र कैलालीका क्रियाशील सदस्यको सूची पनि हालसम्म प्राप्त नभएको निर्वाचन समितिले जनाएको छ।







## विश्व समाचार

### भारतमा ६७.७२ करोडले लगाए कोरोनाविरुद्धको खोप

नयाँदिल्ली, १९ भदौ (रासस/एएनआई)।

भारतमा अहिलेसम्म कोरोनाभाइरस विरुद्धको खोप ६७.७२ करोडले लगाएका छन्। सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार ६७ करोड ७२ लाख ११ हजार २०५ जनाले अहिलेसम्म खोप लगाएका हुन्। तीमध्ये ५८ लाख ८५ हजार जनाले पछिल्लो २४ घण्टामा मात्रै खोप लगाएको उनीहरुको भनाइ छ।

खोप लगाएका मध्ये एक करोड तीन लाख ६० हजार २४८ जना स्वास्थ्यकर्मी रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

त्यसैगरी पछिल्लो एक दिनमा ३६ हजार ३८५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यो सङ्ख्या ९७.४३ प्रतिशत हो।

भारतमा अहिलेपनि चार लाख पाँच हजार ६८१ जना सङ्क्रमित अवस्थामै रहेका छन्। सक्रिय सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन बढ्दै गइरहेको छ।

दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ।

भारतमा पछिल्लो २४ घण्टामा ४२ हजार ६८२ जना नयाँ सङ्क्रमित थपिँदा ३६ हजार ३८५ जना मात्रै कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

### अमेरिकामा कोरोना सङ्क्रमण र मृत्युदर वृद्धि

वासिङ्टन, १९ भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकामा पछिल्लो समयमा कोभिड-१९ का सङ्क्रमित बढ्दै गएको पाइएको छ।

यहाँको यस सम्बन्धी निकाय सेन्टर्स् फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनले सो कुरा बताएको छ। उक्त निकायका अनुसार यहाँ पछिल्लो हप्तामा दिन प्रतिदिन कोभिड-१९ का संक्रमित बढ्दै गएको देखिएको छ। जसमा पछिल्लो हप्ता हरेक दिन कम्तीमा पनि एक लाख ५० हजार जना मानिसमा यो सङ्क्रमण देखिएको छ।

यो सङ्ख्या हरेक दिन बढेको पछिल्लो हप्ताको सबैभन्दा धेरै हो र यो अघिल्लो हप्ताको तुलनामा करिब पाँच प्रतिशतले बढ्दो छ। यहाँ बुधबारसम्मको तथ्याङ्क हेर्दा तीन करोड ९४ लाख ८८ हजार जनामा यो सङ्क्रमण देखिएको छ।

यो हप्तामा अस्पताल भर्ना प्रतिशत पनि बढेको छ। पछिल्लो हप्ता अर्थात् अगष्ट २५ देखि ३१ सम्मको अवस्था हेर्दा यहाँका १२ हजार १५६ जना अस्पताल भर्ना भएका छन्।

यो प्रतिशत अघिल्लो हप्ताको भन्दा १.७ प्रतिशतले बढी हो। त्यसैगरी यो हप्ता यहाँका एक हजार ४७ जनाको यो सङ्क्रमणबाट निधन भएको छ।

यो सङ्ख्या यो भन्दा अघिल्लो हप्ताको तुलनामा ३.७ प्रतिशतले बढी हो। यसरी अमेरिकामा पछिल्लो हप्तामा सङ्क्रमित हुने, अस्पताल भर्ना हुने तथा मृत्यु हुनेको सङ्ख्या पनि बढ्दो देखिएको समाचारमा जनाइएको छ।

अमेरिकी संस्था सेन्टर्स् फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनले सो तथ्याङ्कस्क सार्वजनिक गरेको हो।

### तालिबान सरकारलाई सहयोगका लागि युरोपेली संघका पाँच शर्त

स्लोभानिया, १९ भदौ : (रासस/सिन्ह्वा)।

युरोपियन युनियनले अफगानिस्तानका तालिबानलाई सहयोग गर्नका लागि विभिन्न पाँच ओटा शर्त अघि सारेका छन्।

युरोपेली युनियनका विदेशमन्त्रीले ती शर्त राखेका हुन्। स्लोभानियामा सम्पन्न भएको युरोपियन युनियनका विदेशमन्त्रीको दुई दिने बैठकपछि सो जानकारी दिएको छ।

उक्त बैठकपछि उक्त युनियनको विदेश नीति प्रमुख जोसेफ बरेलले सो कुराको जानकारी दिनुभएको हो। उहाँले युरोपियन युनियनका विदेशमन्त्रीले तालिबान सरकारलाई सहयोग गर्नका लागि ती शर्त राखेको बताउनुभयो। उहाँका अनुसार यसका लागि सबैभन्दा पहिला तालिबानले अफगानिस्तानमा आतङ्ककारीलाई प्रश्रय दिने अथवा यहाँ आतंकवादी उत्पादन केन्द्रजस्तो गरी अरु देशलाई असर गर्ने काम गर्न नहुने बताइएको छ।

त्यस्तै अर्को शर्तका रुपमा उनीहरुले मानवअधिकारलाई पनि अघि सारेका छन्। अफगानिस्तानमा तालिबान सरकारले मानवअधिकारको सम्मान र रक्षा गर्नुपर्ने, महिला अधिकारकार, प्रेस स्वतन्त्रता हुनुपर्ने र कानुनी शासनको प्रत्याभूति हुनुपर्ने पनि सो शर्तमा अघि सारिएको छ।

यी शर्त पालना गरेमा मात्र तालिबान सरकारलाई सहयोग गर्न सकिने युरोपियन युनियनका विदेशमन्त्रीले जनाएका छन्।

### बेलायतमा ४२ हजार नयाँ संक्रमित

लण्डन, १९ भदौ (रासस/सिन्ह्वा)।

बेलायतमा कोरोनाभाइरसबाट थप ४२ हजार नयाँ सङ्क्रमित थपिएका छन्।

योसँगै बेलायतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या ६९ लाख चार हजार ९६९ पुगेको अधिकारीले जानकारी दिएका छन्।

उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा १२१ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ। अहिलेसम्म मृत्यु भएकाको सङ्ख्या भने एक लाख ३३ हजार ४१ पुगेको छ।

बेलायतमा सङ्क्रमितको सङ्ख्या बढेपछि उच्च सतर्कताका लागि फेरि जोड दिन थालिएको छ। सरकारले खोपका लागि सबैलाई आह्वान गरिरहेको छ भने बालबालिकालाई पनि खोप लगाउने गृहकार्य भइरहेको छ। विज्ञले १२ देखि १५ वर्षसम्मका बालबालिकालाई पनि खोप लगाउनु उपयुक्त हुने सुझाव पनि दिएका छन्।

# एक हजार २६८ मा संक्रमण नौ व्यक्तिको निधन

काठमाडौँ, १९ भदौ (रासस)।

कोरोना भाइरसको सङ्क्रमण शनिबार एक हजार २६८ व्यक्तिमा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत २४ घण्टामा नौ हजार ८७५ मा परीक्षण उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो। शुक्रबार एक हजार ७५६ व्यक्तिमा सङ्क्रमण देखिएको हो। सक्रिय सङ्क्रमित ३१ हजार ८२६ रहेका छन्।

सङ्क्रमणबाट निको भई शनिबार दुई हजार १९५ जना घर फर्किएका छन्। अहिलेसम्म सात लाख २५ हजार ६५१ व्यक्ति निको भई घर फर्किएका हुन्। शुक्रबारको तुलनामा निको हुने दर शनिबार पनि बढेको छ। शनिबार निको हुने दर ९४.५ प्रतिशत पुगेको छ। लगातार तीन दिनदेखि निको हुने दर बढेको छ। बुधबार ९४.१ प्रतिशत, बिहीबार ९४.२ र शुक्रबार ९४.३ प्रतिशत निको हुने पुगेका छन्।

सङ्क्रमणबाट निधन हुनेको सङ्ख्या विगत २४ घण्टामा घटेको पाइएको छ। सङ्क्रमणबाट शनिबार नौ जनाको ज्यान गएको छ। यो सङ्ख्या यस महिनाको कम हो। शुक्रबार २३ जनाको सङ्क्रमणका कारणले निधन भएको थियो। अहिलेसम्म १० हजार ८१८ जनाको सङ्क्रमणबाट ज्यान गएको छ। नेपालमा प्रति १० लाखमा ३६४.६ जनाको सङ्क्रमणको कारणले निधन हुने गरेको छ।

यस्तै ५५४ जना सघन उपचारकक्ष (आइसीयू), १७२ भेन्टिलेटर, २९ हजार ६५८ होम आइसोलेशन, दुई हजार १६८ संस्थागत आइसोलेशन र २७४ जना क्वारेन्टिनमा रहेका छन्। नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत छ। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला १९ छन्। एक लाख सात हजार ५९८ जनाले शनिबार कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

# एमाले उपाध्यक्ष गौतमको राजीनामा

काठमाडौँ, १९ भदौ (रासस)।

नेकपा(एमाले)का उपाध्यक्ष वामदेव गौतमले पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिनुभएको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सम्बोधन गरिएको राजीनामा पत्र उपाध्यक्ष गौतमले शुक्रबार पार्टी केन्द्रीय कार्यालय थापाथलीमा दर्ता गराउनु भएको छ।

राजीनामापत्रमा उहाँले संविधान जारी भएपछि भएको पहिलो प्रतिनिधिसभाको निर्वाचन २०७४ मा एमाले र नेकपा(माओवादी केन्द्र)को साझा घोषणापत्रलाई कार्यान्वयन नगरेको तथा सरकारको कामलाई पटकपटक सर्वोच्च अदालतको संवैधानिक इजलासले असंवैधानिक भन्दै खारेज गरेपछि पनि सुधार गर्न नसकेको आरोप लगाउनुभएको छ।

अध्यक्ष ओलीलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, "म आफैँ सङ्लग्न भएर निर्माण भएको नेकपा(एमाले)मा तपाइँकै गलत विचार, प्रवृत्ति र शैलीका कारण यस पार्टीमा रहिरहन असमर्थ भएकाले शुक्रबारको मितिबाट पार्टीको उपाध्यक्ष पद र पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिएको छु।"

राजीनामापत्रमा जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारीका विचार र मान्यता संविधानको सर्वोच्चता र कानूनी राज्यको सिद्धान्तलाई पालना नभएको, कम्युनिस्ट पार्टीले जनताको जनादेशको आधारमा राज्यसत्ता सञ्चालन गर्नुपर्छ भन्ने मान्यताका विपरित जनताको अत्याधिक बहुमतलाई लत्याउँदै २०७५ पुस ५ र २०७८ जेठ ७ गते दुई दुई पटक संविधान विपरित जनताद्वारा निर्वाचित सदन भङ्ग गरिएको उल्लेख छ।

अध्यक्ष र प्रधानमन्त्री भएपछि पार्टीको राजनीतिक कार्यदिशा, विधान तथा पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता र सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी पालना नभएको आरोप लगाउँदै नेता गौतमले पार्टीलाई लोकप्रिय बनाउन सरकार गठनको एक वर्षपछि आफूले लिखित सुझाव दिएको बताउनुभएको छ। "आफना समकक्षी कमरेडलाई एकपछि अर्को गरी अपमान गर्ने, कारवाही गर्ने र पार्टीबाट निष्काशनजस्ता स्वेच्छाचारी तथा निरङ्कुश प्रवृत्ति र शैली अँगाल्नुभयो, त्यतिमात्र होइन राष्ट्रपतिसमेतलाई आफना स्वेच्छाचारी तथा सर्वसत्तावादी नीति र निर्णय कार्यान्वयन गर्न दुरुपयोग गर्नुभयो", राजीनामा पत्रमा उल्लेख छ।

## पानीको निकास ...

आवागमन समेत बन्द भएको छ।

स्थानिय व्यापारी संतोष चौधरीका अनुसार पहिला कल्याणपुर बजारको चौकदेखि दक्षिण तर्फको सडक खाल्डाखुल्डी र पानी जम्ने गरेको भएपनि अहिले आएर सडक भासिएपछि यातायत समेत नचल्दा व्यापारमा असर परेको छ।

सडकको करिव डेढ सय मिटर हिलो पानी जम्ने समस्या र खाल्डाखुल्डी छ भने बजारको बाहिरपट्टि सडक भत्केकाले यातायात ठप्प हुन पुगेको छ।

खडक नगरपालिका कार्यालयको करिब ५ सय मिटरको दुरिमा यो सडकमा साउनको २७ गते देखी पानीको निकास बन्द भएपछि सडक भत्केको थियो।

खडक नगरपालिकाको वडा न ८, १०, ११ र डाक्नेश्वरी नगरपालिकासहित हुलाकी सडक खण्ड जोड्ने यस सडक बिग्रिएको करिव महिना दिन पुग्न नलाग्दा स्थानिय निकाय तथा जनप्रतिनिधिको ध्यानाकर्षण भएको छैन्।

यता सडक भासिएका बिषयमा वडा न ९ का अध्यक्ष इफारुल मियाँले वर्षा निरन्तर भइरहेकोले सडक मर्मत गर्न नसकेको बताए। उनले अवको दुई/चार दिन वर्षा नभएको खण्डमा सडक मर्मत गरि पुनः संचालनमा आउने प्रतिबद्धता व्यक्त गरे।


भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित वहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज–३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com



कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ।




अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ। कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड



भर्ना खूल्यो। भर्ना खूल्यो॥ भर्ना खुल्यो॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था।
- औषधी पसलको लाइसेन्स लिन पाउने।
- OJT को विशेष व्यवस्था भएको।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*